# पदपूर्ति समिति

## उर्लावारी नगरपालिका कार्यालय, उर्लाबारी, मोरङ

***स्थायी पदपूर्तिका लागि प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन***

***सूचना प्रकासित मितिः २०७२/१२/१५***

यस नगरपालिकामा रिक्त रहेका देहायका पदहरुमा स्थानीय स्वायत्त शासन नियमावली २०५६, (संशोधन सहित) को नियम २१३ बमोजिम स्थायी पदपूर्ति गर्नु पर्ने भएकोले खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गरिने भएकोले योग्यता पुगेका नेपाली नागरिकबाट यस नगरपालिकाबाट स्वीकृत फारम भरी दरखास्त आह्वान गरिन्छ ।

| क्र.सं. | विज्ञापन नं. | विज्ञापनको किसिम | माग र पद विवरण | | |
|---|---|---|---|---|---|
| | | | पद | तह | जम्मा माग पद संख्या |
| १. | १/२०७२/७३ | खुला | इन्जिनियर (प्राविधिक) | अधिकृत स्तर छैठौं | १ (एक) |
| २. | २/२०७२/७३ | खुला | सब-इन्जिनियर (प्राविधिक) | सहायक स्तर पाँचौं | १ (एक) |
| ३. | ३/२०७२/७३ | खुला | कम्प्युटर अपरेटर (प्राविधिक) | सहायक स्तर पाँचौ | १ (एक) |
| ४. | ४/२०७२/७३ | खुला | कार्यालय सहायक (प्रशासन) | सहायक स्तर चौथो | २ (दुई) |
| | ५/२०७२/७३ | महिला | कार्यालय सहायक (प्रशासन) | सहायक स्तर चौथो | १ (एक) |
| | ६/२०७२/७३ | आदिवासी/जनजाति | कार्यालय सहायक (प्रशासन) | सहायक स्तर चौथो | १ (एक) |
| ५. | ७/०७२/७३ | खुला | अमिन (प्राविधिक) | सहायक स्तर चौथो | १ (एक) |

### लिखित परीक्षा कार्यक्रम

| पद/तह | पत्र | विषय | परीक्षा मिति | समय |
|---|---|---|---|---|
| इन्जिनियर/ अधिकृत स्तर छैठौं | प्रथम | सिभिल इन्जिनियरिङ्ग सम्बन्धी विषय | २०७३/०२/०६ | बिहान ०८:०० बजे |
| | द्वितीय | जनरल सम्बन्धी विषय | २०७३/०२/०७ | बिहान ०८:०० बजे |
| सब-इन्जिनियर/सहायकस्तर पाँचौ | प्रथम | सेवा सम्बन्धी | २०७३/०२/०८ | बिहान ०८:०० बजे |
| कम्प्युटर अपरेटर/सहायकस्तर पाँचौ | प्रथम | सेवा सम्बन्धी | २०७३/०२/०६ | दिनको २:३० बजे |
| कार्यालय सहायक/सहायक स्तर चौथो | प्रथम | सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण | २०७३/०२/०७ | दिनको २:३० बजे |
| | द्वितीय | विज्ञान र गणित | २०७३/०२/०८ | दिनको ११:०० बजे |
| | तृतीय | सामाजिक अध्ययन तथा कार्यालय संचालन | २०७३/०२/०८ | दिनको २:३० बजे |
| अमिन/सहायक स्तर चौथो | प्रथम | सेवा सम्बन्धी | २०७३/०२/०६ | दिनको ११:३० बजे |

### आवश्यक न्यूनतम शैक्षिक योग्यता :-

| क्र.सं. | पद | तह | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|
| १. | इन्जिनियर (प्राविधिक) | अधिकृत स्तर छैठौं | मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषय लिई बि.ई. वा सो सरह उत्तीर्ण |
| २. | सब-इन्जिनियर (प्राविधिक) | सहायकस्तर पाँचौ | मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषय लिई प्रविणतापत्र तह वा सो सरह उत्तीर्ण |
| ३. | कम्प्युटर अपरेटर (प्राविधिक) | सहायकस्तर पाँचौ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Skilled Manpower को लागि संचालित ६ महिनाको कम्प्युटर तालिम प्राप्त । |
| ४. | कार्यालय सहायक (प्रशासन) | सहायकस्तर चौथो | मान्यताप्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण |
| ५. | अमिन (प्राविधिक) | सहायकस्तर चौथो | मान्यताप्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तीमा एक वर्षको तालिम प्राप्त गरेको । |

**परीक्षाको किसिम :-** लिखित र अन्तरवार्ता (कम्प्युटर अपरेटर पदमा प्रयोगात्मक परीक्षा र प्रशासनतर्फ सहायक चौथो तहको लागि कम्प्युटर सीप परीक्षण समेत)

**परीक्षा केन्द्र :-** उर्लावारी नगरपालिकाले तोके बमोजिम ।

**परीक्षा दस्तुरः :-** छैठौ तहको लागि रु. १००० (एक हजार), सहायक स्तर पाँचौ तहका लागि रु. ४०० (चार सय) र सहायक स्तर चौथो तहका लागि रु. ३०० (तीन सय) र प्रत्येक थप समावेशी समूहका लागि रु. १५० थप गर्नुपर्ने ।

**दरखास्त दिने स्थान :** उर्लाबारी नगरपालिका कार्यालय, उर्लाबारी, मोरङ ।

**दरखास्त दिने अन्तिम मितिः** :-२०७२/१२/१५ देखि २०७३/०१/०५ सम्म तथा दोब्बर दस्तुर तिरी मिति २०७३/०१/१२ सम्म । (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन)

**उमेरको हद :-** दरखास्त दिने अन्तिम मिति सम्ममा अधिकृत स्तर तहका लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तथा सहायक स्तरको पदमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । तर महिला र अपाङ्गको हकमा ४० वर्ष ननाघेको साथै प्राविधिक पदको हकमा ४५ वर्ष ननाघेको । उर्लावारी नगरपालिकाको स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन । दोब्बर दस्तुरका म्यादलाई उमेर, शैक्षिक योग्यता प्रयोजनका लागि गणना गरिने छैन ।

**अन्तर्वार्ता, प्रयोगात्मक परीक्षा र कम्प्युटर सीप परीक्षण हुने मिति :-** लिखित परीक्षाका नतिजा प्रकाशित हुँदा प्रकाशन गरिनेछ ।

**पदमा रही गर्नुपर्ने कामको विवरण** :- पद तथा सेवा सम्बन्धी ।

**तलब** :-नियमानुसार ।

- स्थानीय स्वायत्त शासन नियामावली २०५६ को नियम २१४ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।
- दरखास्त फारम र पाठ्यक्रम कार्यालयको website :- www.urlabarimun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ । हातले उतार गरी लेखेको दरखास्त फारमलाई मान्यता दिइने छैन ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**
**उर्लावारी नगरपालिका कार्यालय, उर्लावारी, मोरङ्ग**